


**Population:**
127,600 (2000)
164,600 (2010)
202,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 10

## संक्षेप:

**अन्य नामहरू:** Ngolok, Mgolog, Golok, Lhardi, Ngura, Amchok, Rimong, Kangsar, Kanggan, Tsokhar, Ngawa, Gatse, Butsang, Shahrang, Jazza, Ggolo

**जनसंख्या:**
चीन : १,६८,००० (Joshua Project)
**उपभाषाहरू:** अनेक
**तिब्बती बुद्ध धर्म:** ९५%
**इसाई धर्म:** ०.१%
**बाइबल:** छ
**येशू चलचित्र:** छ
**सुसमाचारिय रेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**




- सुसमाचार नसुनेकाहरू
- सुसमाचार सुनेका तर विश्वास नगरेकाहरू
- कुनै एउटा ख्रीष्टिय सम्प्रदायलाई पछ्याउनेहरू

इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १,६८,००० जना कोलो भाषा बोल्नेहरू चिङ्हाइ प्रान्तको कोलो अञ्चलको छ वटा जिल्लाहरूमा बसोबास गर्छन्। सन् १९५३ मा १,००,३४३ जना कोलो मानिसहरू कोलो अञ्चलमा बसोबास गरेका थिए, तर १९६४ मा कोलो जातिका मानिसहरू बसाइँ सरेको र युद्धमा मारिएको कारण सङ्ख्या घटेर ५६,०७१ भयो।

एउटा लेखोटअनुसार कोलो भन्ने शब्दको अर्थ 'टाउको पछाडि फर्केकाहरू' हो। यो नाम यिनीहरूको अटेरी र झगडालु स्वभावबाट आएको हो। यो जाति एकदमै पिछडिएको जाति हो।

प्रायः जसो कोलोहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। १०८ तिब्बतीहरूको बीचमा शुभ अङ्कको रूपमा मानिने भएकाले कोलो जातिका स्त्रीहरू कपालमा १०८ वटा लट्टा बाट्छन्।

थोरै कोलो जातिका मानिसहरूले मात्र ख्रीष्टको सन्देश सुनेका छन्। यिनीहरू बाहिरी संसारको सबै प्रभावबाट अलग्गिएका छन्। सन् १९२१ मा यो बाटो हुँदै यात्रा गरेको कुनै मिशनरीहरूले सुसमाचारीय पर्चा बाँड्दै जानुभयो। कुनै समयपछि यी मिशनरीहरूले क-कनर बुद्ध गुम्बाको प्रधान लामा कुरुङ छिरीङबाट एउटा चिठ्ठी प्राप्त गरे। चिठ्ठीमा यस्तो लेखिएको थियो: "म तपाईंहरूको नम्र सेवक धेरै




वटा सुसमाचारीय पर्चाहरूलाई देखेँ। त्यसलाई ध्यानसित पढ्दा त्यसले मलाई ख्रीष्टमा विश्वास गर्न पुऱ्यायो। यो विशिष्ट उपदेश र एक मात्र पुत्र सिद्धान्तहरूलाई मैले अलि-अलि मात्र बुझ्न सकेँ, तर पवित्र आत्माको स्वभाव र सार, अनि यो धर्मको सुरुवातको बारेमा मैले केही बुझ्न सकिनँ। थोरै ज्ञान भएका अनपढ मानिसहरूलाई ज्ञानको ज्योति पाउनको लागि यो धर्मको उपदेशका सिद्धान्तहरूलाई पूर्ण रूपमा व्याख्या गर्नु अत्यावश्यक कुरा हो। औषधी उपचारको ज्ञान र ज्योतिषशास्त्र पनि आवश्यक पर्ने कुराहरू हुन्। यी आशिष्हरूलाई पाउन हामीले एकमात्र पुत्र धर्मलाई विश्वास गर्नु आवश्यक छ। धेरै इच्छासहित हृदयको अन्तस्करणबाट म बिन्ती गर्दछु; यो चिठ्ठीलाई तुच्छ नठान्नुहोस्। सयौँ नमस्कार !"